**मिति २०८०/०९/१०  गते मंगलबार १५०औं कार्यपालिका बैठक**

**प्रस्तावहरुः**

१. अघिल्लो कार्यपालिका बैठकको निर्णय समीक्षा सम्बन्धमा।
२. भुमि व्यवस्थापन सम्बन्धमा।
३. अनलाइन घरनक्सा प्रणाली शुरु गर्ने सम्बन्धमा।
४. ऐन कार्यविधि सम्बन्धमा।
   - वन व्यवस्थापन सम्बन्धमा गर्न बनेको विधेयक २०८०
   - वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बधमा व्यवस्था गर्न बनेको विधेयक २०८०
   - सरसफाई स्वयंसेवक परिचालन सम्बन्धी कार्यविधि २०८०
   - स्वयंसेवक शिक्षक छनौट कार्यविधि २०८० (पहिलो संशोधन)
५. जग्गा भोगाधिकार उपलब्ध गराउने सम्बन्धमा।
६. श्री स्वर्गद्वारी गुँठी पिडित किसान संघर्ष तदर्थ समिति दाङ देउखुरीको ज्ञापन पत्र सम्बन्धमा।
७. ठेक्काको पूर्वनिर्धारित क्षतिपुर्ति लिने सम्बन्धमा।
८. विविध।
   - ब्राह्मण समाज नेपाललाई केन्द्रीय अधिवेशनका लागि आर्थिक सहयोग।
   - विपन्नलाई घर निर्माणमा सहयोग गर्ने सम्बन्धमा।
९. शोक प्रस्ताव सम्बन्धमा।

**निर्णय नं. १**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समीक्षा गरियो।

**निर्णय नं. २**

घोराही उपमहानगरपालिकामा भूमीको अनियमित एवं अव्यवस्थित खण्डीकरणलाई रोकी कृषियोग्य भूमी तथा सार्वजनिक सम्पत्तीको संरक्षण एवं आवास क्षेत्रलाई व्यवस्थित बनाउन आवश्यक भएकोले भूमि व्यवस्थापन सम्बन्धी कानून निर्माणका लागि आवश्यक मापदण्ड तयार गर्न पूर्वाधार विकास तथा भूमि व्यवस्थापन महाशाखालाई निर्देशन दिने।

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिकाबाट प्रवाह हुने नक्सा पास सम्बन्धी सेवालाई सरल, सहज तथा प्रविधिमैत्री युक्त बनाउन अनलाइन नक्सापास प्रणालीको व्यवस्था मिलाउन भवन अनुमती(घर नक्सा) तथा नापी शाखालाई निर्देशन दिने।

**निर्णय नं. ४**

४.१ घोराही उपमहानगरपालिकाको वातावरण तथा विपद व्यवस्थापन शाखाबाट पेश भएको स्थानीय तहमा वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८० र वन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८० माथि छलफल गरी आगामी नगरसभाको बैठकमा पेश गर्ने गरी स्वीकृत गरियो।

४.२ घोराही उपमहानगरपालिकाको सरसफाई व्यवस्थापन शाखाबाट पेश भएको सरसफाई स्वयंसेवक परिचालन कार्यविधि २०८० पारित गरी गर्ने।

४.३ घोराही उपमहानगरपालिकाको सामाजिक विकास महाशाखाबाट पेश भएको सरसफाई स्वयंसेवक छनौट कार्यविधि २०८० संशोधन प्रस्ताव पारित गर्ने।

**निर्णय नं. ५**

घोराही उपमहानगरपालिका वडा नं. १३ साविक सेवार वनगाउँ वडा नं. ३ कि.नं. १००७ को सरकारी जग्गाबाट पूर्वमा बाटो, पश्चिममा सार्वजनिक कुलो, उत्तरमा कुलो र दक्षिणमा खानेपानीको इनार चार किल्ला भित्रको जग्गा क्षेत्रफल ०-१-० कठ्ठा जग्गामा सहिद कृष्ण स्मृति प्रतिष्ठानलाई स्मृति भवन निर्माणार्थ भोगाधिकारका लागि १३ नं. वडा कार्यालयको च.नं. १४५६, मिति २०८०।०९।०५ गतेको पत्रबाट वडा समितिको मिति २०८०।०९।०४ को निर्णय समेतका आधारमा उक्त जग्गा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति २०७९ बमोजिम उपलब्ध गराउन सम्बन्धीत निकायमा सिफारिस गर्ने।

**निर्णय नं. ६**

श्री स्वर्गद्वारी गुँठी पिडित किसान संघर्ष तदर्थ समिति दाङ देउखुरीको च.नं ०२, मिति २०८०।०८।२६ गते यस कार्यालयमा प्राप्त ज्ञापन पत्रको विषयमा समस्या समाधानका लागि सम्बन्धीत निकायमा लेखि पठाउने।

**निर्णय नं. ७**

घोराही उपमहानगरपालिकाबाट संचालित तपसिल बमोजिमका ठेक्काहरु सम्झौता बमोजिम निर्माण व्यवसायीबाट कार्य सम्पन्न गर्न नसकेकोले पटक पटक मौखिक तथा विभिन्न मितिमा पत्राचार समेत गरिएकोमा निर्माण व्यवसायीबाट कुनै प्रतिकृया नजनाएको हुँदा सार्वजनिक खरिद नियमावली २०६४(बाह्रौ संशोधन) को नियम १२१ क र ठेक्का सम्झौतामा भएको प्रावधान बमोजिम म्याद समाप्त भएको मितिले प्रतिदिन सम्झौता रकमको ०.०५% प्रतिशतका दरले अधिकतम २०० दिनसम्मको सम्झौता रकमको अधिकतम १० % सम्म रकम पूर्व निर्धारित क्षति पूर्ति सरकारी बाँकि सरह असुल उपर गर्ने।

**तपसिलः**

| सि.नं. | ठेक्का नं./योजनाको नाम | सम्झौता रकम | दैनिक पूर्वनिर्धारित क्षतिको दर | अधिकतम पूर्वनिर्धारित क्षतिको रकम(१०%संझौता रकमको) | कुल अधिकतम पूर्वनिर्धारित क्षतिको रकम |
|---|---|---|---|---|---|
| १ | NBC/WORKS/GSMC/06/078/079 (खैरा कोठरी सडक पिच)<br>रोयल्ड विल्डर्स | १,०२,१३,०४३।- | ५,१०६.५२ | १०,२१,३०४.३।- | १०,२१,३०४.३।- |
| २ | NBC/WORKS/GSMC/07/078/079 (स्वास्थ्य संस्था भवन निर्माण वडा नं. १०)<br>रोयल्ड विल्डर्स | ६४,४४,१९४.८५।- | ३,२२२.०९ | ६,४४,४१९.४८ | ६,४४,४१९.४८ |

**निर्णय नं. ८**

८.१ ब्राह्मण समाज नेपाल केन्द्रीय कार्यालय पोखरा कास्कीको च.नं. ४६ मिति २०८०।०९।०३ गतेको पत्रबाट तेस्रो केन्द्रीय महाधिवेशनका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि अनुरोध भई आएकोले ब्राह्मण समाज नेपाललाई रकम रु.४००००।—(चालिस हजार) विल भर्पाई अनुसार घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

८.२ घोराही उपमहानगरपालिकाको वडा नं. ७ का मुक्त कमैया सुरेश चौधरीको वस्ने घर नभएको र उहाँको आर्थिक अवस्था समेत कमजोर रहेकोले घर निर्माणका वडा कार्यालयको च.नं. ८३९ मिति २०८०।०८।१० गतेको सिफारिस पत्रसाथ अनुरोध गर्नुभएकोले उहाँलाई आवासको लागि उहाँले प्रयोग गर्दै आउनुभएको वडा नं. ७ मा रहेको जग्गामा न्यूनतम लागत इस्टिमेट तयार गरी घर निर्माण गरिदिने।

**निर्णय नं. ९**

घोराही उपमहानगरपालिकाका वडा नं. ७ का वडा अध्यक्ष श्री खोपिराम चौधरीका पुजनीय पिता स्व.सुकलाल चौधरीको यही मिति २०८०।०९।०८ गतेका दिन ८५ वर्षको उमेरमा असामयिक स्वार्गारोहण भएको खवरले घोराही उपमहानगरपालिका परिवारलाई अत्यन्त दुःखी तुल्याएको छ । यस दुःखद घडीमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारमा हार्दिक समवेदनाकासाथ शोक प्रस्ताव पारित गर्ने ।